# प्रतिवेदन

पान नं. ३०१२५११९३
कार्यालय कोडः- ८०२२१५०४३००

परवानीपुर गाउँपालिका

मो. ९८५५०४८५६५

# गाउँ कार्यपालिकाको कार्यालय

लिपनीमाल, बारा

मधेश प्रदेश, नेपाल

---

प.सं. ०७९/०८०
च नं. १६२

मिति २०७९/१०/२६

श्री सहयोगी नेपाल
धोविनी पर्सा

**विषयः- कायदिश सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यहाँहरुको संस्था र यस परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बिच भएको सार्वजनिक सुनुवाई गर्न का लागि सम्झौता अनुसार यस परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले स्वकृति प्रदान गरेको ढाँचा बमोजिम चालु आ.व. २०७९/८० को अषाढ महिना भित्र दुई पटक कार्यात्रम सम्पन्न गरी बिल भरपाई समेत पेश गर्न यो कायदिश दिइएको जानकारी गराइन्छ ।

बोधार्थ:

१. आर्थिक प्रशासन शाख, परवानीपुर गाउँपालिका गाउँकार्यपालिको कार्यालय
२. श्री रामक्षत्री प्रसाद कुर्मी, गाउँपालिका अध्यक्ष परवानीपुर गाउँपालिका
३. श्री सुगान्धि देवी कनुइन, गाउँपालिका उपा-अध्यक्ष परवानीपुर गाउँपालिका

मुन्ना साह रौनियार
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र श्री सहयोगी नेपाल धोविनी पर्सा संस्थाविच
**'सार्वजनिक सुनुवाई कार्यक्रम'** संचालन गर्नका लागि ।

## सम्झौतापत्र.

परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयबाट निर्णय भए बमोजिम **'सार्वजनिक सुनुवाई कार्यक्रम'** संचालन गर्न परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय र श्री सहयोगी नेपाल धोविनी पर्सा विच द्विपक्षीय सम्झौता सम्पन्न भयो । यसपछि परवानीपुर गाउँपालिका जसलाई प्रथम पक्ष र श्री सहयोगी नेपाल धोविनी पर्सा जसलाई दोस्रो पक्ष भनिएको छ । प्रथम पक्ष र दोस्रो पक्ष तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही कार्य सम्पादन गर्ने गरी आपसी सहमति तथा मञ्जुरी गरी यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौं दियौं ।

**१. शर्तहरु**

१.१. परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयले स्विकृति प्रदान गरेको प्रस्तावनाको ढाँचा अनुसार कार्यक्रम सम्पन्न गर्नुपर्ने छ ।

१.२ कार्यक्रम सम्पन्न भएको कार्यक्रमको तस्वीर र कागजातहरुसहित प्रगति प्रतिवेदनसंगै दोस्रो पक्षले बिलभर्पाई पेस गरेपछि प्रथम पक्षले भुक्तानी दिने छ ।

१.३ दोस्रो पक्षले विशेष परिस्थितीबाहेक मिति २०८० असाढ महिना भित्र कार्यक्रमहरु सम्पन्न गर्नुपर्नेु छ ।

१.४ कार्यक्रम अगाडि सम्पुर्ण चरण पुरा गरी मात्र दोश्रो पक्षले **'सार्वजनिक सुनुवाई कार्यक्रम'**संचालन गर्ने छ ।

**२. भुक्तानी:**

२.१ शर्त १ अन्तरगतका बुँदाहरुको आधिनमा रही प्रथम पक्षले कार्यक्रम सम्पन्न गर्नका लागि स्विकृत रकम मुल्य अभिवृद्धी करसहित रु ४९३८१०।- (अक्षरेपी चार लाख तिरान्नवे हजार आठ सय दस रुपैया) मात्र दोस्रो पक्षलाई भुक्तान गर्ने छ ।

**३. बिविध:**

३.१. दुवै पक्षको लिखित सहमति बिना सम्झौताका शर्तहरु हेरफेर हुने छैन । कुनै नयाँ अवस्था सिर्जना भएको खण्डमा आपसी सहमतिमा समाधान गर्नुपर्ने छ ।

**प्रथम पक्षको तर्फबाट:**

सही: Tabrej

नाम: तबरेज अहमद

पद: अध्यक्ष

कार्यालय: श्री सहयोगी नेपाल धोविनी पर्सा

मिति:

छाप: Sahyogi-Nepal Birgunj, Parsa

**दोस्रो पक्षको तर्फबाट:**

सही:

नाम: मुन्ना साह रौनियार

पद: प्रमुख प्रशासकीय अधिकृत

कार्यालय: परवानीपुर गाउँपालिका, बारा

मिति:

छाप: परवानीपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, बारा

CamScanner

# प्रतिवेदन

## परवानीपुर गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय लिपनीमाल, बारा

# सार्वजनिक सुनुवाई

आर्थिक बर्ष २०७९/०८०

१. पहिलो कार्यक्रम

मिति: २०७९/१२/२५ गते शनिवार

समय : दिउसो १ बजे देखि

स्थान : श्री जनता मा.बि वडा नं २ रामपुर टोकनि , बारा

संयोजन

सहयोगी नेपाल


www.sahyogi.org.np

Sahyogi-Nepal

Estd.2066

Birgunj, Parsa

## १. पृष्टभुमि तथा परिच




नक्सा सौजन्य *https://mofaga.gov.np*

**१.१ परवानीपुर गाउँपालिका, बाराको पृष्टभुमि** : हाल नेपालको सबभन्दा सानो गाउँपालिका परवानीपुर गाउँपालिका हो । परवानीपुर गाउँपालिका मधेस प्रदेश बारा जिल्ला भित्र पर्छ । यस गाउँपालिकाको क्षेत्रफल १५.४८ वर्ग कि.मिरहेको छ ।यहाको जनसंख्या २२७८७ छ ,५ वटा वडाहरु रहेको यस गाउँपालिकामा साबिकका गाउँ बिकास समितिहरु बहुअरी, लिपनिमाल,रामपु टोकनी र बुनियाद समावेश रहेका छन । बुनियाद सहित ५.४६ वर्ग किलोमिटर क्षेत्र भएको वडा नं १ मा ५ हजार ६ सय ५१ रामपुर टोकनि सहित ३.ढठ वर्ग किलो मिटर क्षेत्र भएको वडा न२ मा ४ हजार २ सय ९० , लिपनिमाल सहित १.७६ वर्ग किलोमिटर क्षेत्र भएको वडा नं ३ मा ४ हजार १ सय ७७ , चैनपुर बिर्ता सहित १.५७ वर्ग किलोमिटर क्षेत्र भएको वडा नं ४ मा ३ हजार ७ सय ४ र बहुअरी सहित २.७२ वर्ग किलोमिटर क्षेत्रफल भएको वडा नं ५ मा ४ हजार ९ सय ६५ जनसंख्याको बसोबास रहेको छ । लिपनीमालमा रहेको छ । आगामी आर्थिक बर्षको सुरुमै गाउँपालिकाको आफ्नै स्वामित्वको भवनमा गाउँ कार्यपलिकाको कार्यलय संचालन गर्न मिल्ने गरी भौतिक संरक्षना निर्माणको चरणमा छ । कृषीप्रधान जिल्लाको रुपमा परिचित बाराभित्र पर्ने २ उप-महानगरपालिका, ५ नगरपालिका र ९ वटा गाउँपालिका गरी १६ वटा स्थानीय तहका पालिका मध्ये परवानीपुर गाउँपालिका साँस्कृतिक, धर्मिक र सामुदायिक बिविधता युक्त एउटा पालिका हो । जिल्लाको पश्चिममा रहेको यो गाउँपालिका पर्सा र बारा ओधौगिक क्षेत्रको हिस्सा पनि हो । औधोगिक हिसाबले यसले देशमै महत्व राखेको छ। यहा कृषि, पशुपालन, माछा पालनका साथै हासं-कुखुरा, परेवा जस्ता घरपालुवा पंछीपालनको आधारमा यहाँको परम्परागत आर्थिक ब्यवस्था रहेको पाइन्छ। बिभिन्न रोजगारी,साना ब्यवसाय, बैदेशिक रोजगार तथा जागिर जस्ता ब्यवस्थित आर्थिक स्रोत पनि स्थानियले अपनाएको पाइन्छ । धानबाली, गहुँबाली, दलहन, तेलहन, मकै र तरकारी यहाँका मुख्य कृषीउपज हुन ।

नयाँ संविधान जारी भएपछि राज्यको पुर्नसंरचना हुने क्रममा राजपत्रमा प्रकाशित भइ यसगाउँपालिकाको संरचना गठन भएको हो । देशको सबभन्दा बढीपारवहन चल्ने त्रिभुवन राजपथको छेउमा रहेको परवानीपुर गाउपालिकाको पुर्व तथा दक्षिणमा बाराकै पसौनी गाउँपालिका, उत्तरमा जितपुर सिमरा उपमहानगरपालिका र दक्षिण-पश्चिममा पर्सा जिल्लाको सदरमुकाम तथा मुलुककै प्रमुख ब्यपारिक नगरको रुपमा रहेका यस प्रदेशको एकमात्र महानगरपालिका वीरगन्ज पर्दछ । यसरी अवस्थितीको हिसाबले परवानीपुर गाउँपालिका एउटा सुगम, औद्योगिक र कृषिमा आधारित आर्थिक प्रणलि भएको सम्भावनायुक्त क्षेत्र हो ।

Sahyogi-Nepal
Estd.2066
Birgunj, Parsa

CamScanner



यहा कृषि उपजको लागि बजारको कमी छैन । शिक्षाको लागि यहा रहेका सामुदायिक विद्यालय तथा संस्थागत विद्यालय बाहेक वीरगन्ज महानगरपालिका र जितपुर सिमरा उपमहानगरपालिकाका शैक्षिक संस्थाहरु पायेक छन । स्वास्थ्य सेवाको लागि यहा रहेका सरकारी स्वास्थ्य संस्था बाहेक वीरगन्ज महानगरपालिका र जितपुर सिमर उपमहानगर पालिकाका सरकारी तथा निजी स्वास्थ्य सेवा प्रदायक ठुला संस्थाहरु रहेका छन । यति हुदाहदै पनि यहा राजगारकि समस्या छ । यहां रहेका दर्जनौ उद्योगमा अगुवा, पहुचवाला र शक्तिवाला निश्चित व्यतिहरले लाभ लिने गरे पनि आम जनतामा रोजगारीको लागि अवसर बन्न सकेको छैन । शिक्षामा स्थानीय बासीको असन्तोष छ । स्वास्थ्य सेवाका लागि बाहिर जानुपर्ने बाध्यता रहेको स्थानीयको भोगाई छ । दक्षिण, पश्चिममा रहेको वीरगन्ज महानगरपीलका र उत्तरमा रहेको जितपुर सिमरा उपमहानगपालिकाको तुलनामा यहाँका बजार र बस्तीको सरसफाईको अवस्था कमजोर रहेको पाईन्छ । यसरी आपार सम्भावना भएर पनि त्यसको उपयोग गर्न पछि परेको परवानीपुर गाउँपालिकामा हाल दोस्रो स्थानीय तह निर्वाचनवाट निर्वाचित गाउँ कार्यपालिका र गाउँसभा अहिले बहालमा छ । गाउँपालिकाका अध्यक्ष रामक्षेत्री प्रसाद कुर्मी र उपाध्यक्ष सुगान्धी देवी कनुइन जन प्रतिनिधिहरुको नेतृत्वमा हुनुहुन्छ । त्यसैगरी गाउँपालिकाको राष्ट्रसेवक कर्मचारीको नेतृत्वमा मुन्ना साह रौनियार प्रमुख प्रशासकीय अधिकृतको पदमा बहाल हुनुहुन्छ ।

Sahyogi-Nepal
Estd.2066
Birgunj, Parsa

## १.२ सार्बजनिक सुनुवाईको परिचय




स्थानीय तहले प्रदान गर्ने सेवा सुविधाको सन्दर्भमा स्थानीय निकायका पदाधिकारीहरु तथा सरोकारवाला नागरिक बीच सार्वजनिक रुपमा गरिने खुला छलफल नै सार्वजनिक सुनुवाइ हो । यस किसिमको छलफलले शासन सञ्चालनमा पारदर्शिता, नेतृत्वमाजवाफदेहितार सार्वजनिक चासोका बिषयमा आम नागरिकहरुको सूचनामा पहुचलाई मजबुत बनाउनुका साथै सार्वजनिक सेवा, वस्तु र निर्णय प्रकृयामा आम नागरिकको सहभागितालाई प्रवर्द्धन गर्दछ । कार्यालयबाट सम्पादित भएका काम र सेवाहरुको बारेमा सेवाग्राही तथा लक्षित बर्गको पृष्टपोषण लिएर सेवाको गुनस्तर तथा प्रवाहलाई मुल्याकंन गरिन्छ । यसले सेवाप्रदायक निकायलाइ उतरदायि र जिम्मेवार बनाउन मद्दत गर्नुका साँथै आगामी काम कारवाही चुस्त, दुरुस्त सेवा प्रभावकारी बनाउन सहयोग पुर्याउछ ।

## २ कार्यक्रमको औचित्य :




सार्वजनिक सुनुवाईबाट सार्वजनिक सेवा र विकाश निमार्णका कृयाकलापहरु जनअपेक्षा बमोजिम सञ्चालन गर्ने संस्कारको बिकास गर्न समेत टेवा पुग्दछ । साबृजनिक सुनुवाईले जिम्मेवार पदधिकारीहरलाई साबृजनिक वस्तु, सेवा र सुबिधाको बारेमा सेवाग्राहीबाट पृष्टपोषण प्राप्त गर्न अवसर प्रदान गरी कमि कमजोरीहर सच्याउन मद तगर्दछ । यसरी सार्बजनिक सुनुवाईले जिम्मेवार पदाधिकारीलाई निरन्तर नागरिक प्रति जवाफदेहि हुन र पारदर्शी रुपमा शाासन सञ्चालन गर्न समेत उत्साहित गर्द सार्वजनिक

Sahyogi-Nepal Estd 2066 Birgunj, Parsa

CamScanner

सुनुवाईमा सार्वजनिक चाँसोका बिषयमा जिम्मेवार पदाधिकारी तथा सेवाग्राही बीच प्रश्नोतर हुनुका साथै सेवाग्रहीले साबृजनिक बस्तु सेवा सुबिधा, वाहमा अगामि दिनमा अपेक्षा गरेको सुधारहरु समेत प्रष्टफुटित हुने र जिम्मेवार जनप्रतिनिधि तथा कर्मचारी बर्गबाटसुधारहरु हासिल गर्न संभावनाहरुको बारेमा जानकारी प्रदान गर्ने प्रकृयाबाट सुधारका प्रतिवद्धताहरु समेत तयार हुन्छ। यसरी तयार भएको प्रतिवद्धता कार्यान्वयनबाट निरन्तर सुधारको अपेक्षा गरिन्छ ।

३. कार्यक्रमको उद्धेश्य

- सेवाग्राही र लक्षित जनताले उठाएका प्रश्नहरुमा स्पष्टता पुर्‍याउने
- नागरिकवाट प्राप्त रचनात्मक सुझावलाई ग्रहन गर्ने ।
- जवाफदेही संस्कार बस्ने । र, जनस्तरबाट पृष्टपोषण प्राप्त हुने ।
- गाउँपालिकाको नीति तथा कार्यक्रम कार्यन्यवनको अवस्था मुल्यांकन हुने ।

## ४. बिधि तथा प्रकिया

(क) समन्वय तथा प्रचारप्रसार

यस गाउँपालिका जनप्रतिनिधि र प्रमुख प्रसाशकीय अधिकृत तथा कर्मचारी बर्गसँग समन्वय गर्दै कार्यकमको पूर्व तयारी गरियो । उहाँहरुकै सलाह अनुसार कार्यकमको मिति, स्थान र समय निर्धारण गरियो । सार्बजनिक सुनुवाईलाई प्रभावकारी बनाउनका लागि स्थानीय स्तरमा सुचना प्रवाह, प्रचार प्रसार तथा पत्राचार गरियो । यस प्रतिवेदनको अनुसूची १ अनुसार सूचना गाउँ कार्यपालिकाको कार्यालय र वडा समितिका कार्यालयहरुमा टाँस गरियो । अनुसूच २ अनुसारका पत्र गाउपालिकाको जनप्रतिनिधिहरुलाई प्रदान गरियो ।

(ख) सुनुवाई

निर्वाचित जनप्रतिनिधि गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्षहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र बिषयगत शाखाका प्रमुखहरुलाई राखेर स्थानिय जनता माझ सार्बजनिक सुनुवाई सम्पन्न गरियो।



Sahyogi-Nepal
Birgunj, Parsa

(ग) बहिर्गमन अभिमत : यस गाउंपालिका कार्यलयबाट सेवा, बस्तु तथा सुविधा प्राप्त गरि बाहिरिएका नागरिक मध्येबाट आकस्मिक नमुना छनौट बिधि प्रयोग गरी , गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट सेवा लिएर निस्किएर ५० जनाको मत बहिंगमन अभिमत सूचनाको रुपमा संकलन गरियो । त्यसरी संकलित अभिमतको नतिजा सार्वजनिक सुनुबाई कार्यक्रममा प्रस्तुत गरियो । यसरी बहिर्गमन अभिमतका लागि छनौटमा परी अभिमत दिनेलाइ सार्वजनिक सुनवाईमा भाग लिन निमनत्रण समेत गरिएको थियो ।

(घ) नागरिक प्रतिवेदन :नागरिक प्रतिवेदन फारमको प्रयोग गरी यस गाउँपालिका भित्र बाट ५० जना सेवाग्राहीबाट सूचना संकलन गरियो । नागरिक प्रतिवेदनमा दलित, जनजाति, बालबालिका, महिला एवम् पिछडिएका वर्गको प्रतिनिधित्व हुने गरी गरिएको थियो । संकलित सुचना विश्लेषणलाई सार्वजनिक सुनुवाईमा प्रस्तुत गरियो । नागरिक प्रतिवेदनमा भाग लिएका उत्तरदातालाई समेत कार्यक्रममा भाग लिन निमन्त्रणा गरिएको थियो ।

(ङ) नागरिक वडापत्र : नागरिक वडापत्र अनुसार सावृजनिक सेवा प्रवाह सम्बन्धित अध्ययन गर्दै नागरिक वडावत्रमा उल्लेखं गरिएको समय तालिका अनुसार सेवा प्रवाह भए/नभएको एकिन गरी त्यसबाट प्राप्त नतिजालाई सार्वजानिक सुनुवाईमा प्रस्तुत गरियो ।





Sahyogi-Nepal
Birgunj, Parsa

CS CamScanner

परवानिपुर गाउँपालिकाको
गाउँपालिका स्तरिय पहिलो

# सार्वजनिक सुनुवाई

## २०७९/१२/२५ गते

**स्थान: श्री जनता मा.वि. रामपुर,टोकनी**

आयोजक
परवानीपुर गाउँपालिका
लिपनीमाल बारा
मधेश प्रदेश

सहजीकरण
सहयोगी नेपाल
www. sahyogi.org.np


Sahyogi-Nepal
Estd.2006
Parsa

## ६. पहिलो सार्बजनिक सुनुवाई




बाराको परवानिपुर गाउँपालिका वडा नं २ को श्री जनता माध्यमिक बिधालय , रामपुर टोकनिमा मिति २०७९/१२/२५ गते शनिबारका दिन सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न भयो । परवानिपुर गाउँपालिकाको आयोजना तथा सहयोगी नेपालको सहजिकरणमा कार्यक्रम सम्पन्न भएको हो । परवानिपुर पाउँपालिका वडा नं २ को वडा अध्यक्ष श्री नुरुलहोदा अंसारी ज्युको अध्यक्षतामा र गाउँपालिका अध्यक्ष श्री रामक्षेत्री प्रसाद कुर्मी ज्युको प्रमुख अतिथ्यतामा कार्यकम संचालन भएको थियो । कार्यकममा बिशिष्ट अतिथिका रुपमा गाउँपालिकाका कार्यकारी अधिकृत श्री मुन्ना साह रौनियार तथा अतिथिको रुपमा कमश वडा नं १ का वडा अध्यक्ष श्री चोकट मंडल, वडा नं ३ का वडा अध्यक्ष श्री ईब्राहिम अंसारी, वडा नं ४ का वडा अध्यक्ष श्री गम्भिरा पटेल, वडा नं ५का वडा अध्यक्ष श्री रामईश्वर साह कलवार , गाउँपालिका का कानुनि सलाहकार अधिबक्ता श्री मोहमद रफिक मिया ,कार्यपालिका सदस्य जगदिश राम , लक्षमिना देवि,महन्त राम, इन्द्रकलि देवि, चिन्ता देवि,माहनि देवि लगाउत अतिथ्यता रहेको थियो ।

कार्यकममा परवानिपुर गाउापालिकाका स्थानिय बासिहरुले आ-आफनो गुनासो तथा सलाह सुझावहरु




राखेका थिए । खास गरि स्थानियहरुले सरसफाई , खेलकुद , सडक ,नाला , स्पोर्ट कल्ब , जिम कल्ब, निमार्ण कायहरुको मुल्याकंन लगायतका अधारभुत सवालहरु उठाएका थिए । उहाहरुको निर्वाचित जनप्रतिनिधिहरुलाई निर्वाचनमा गरिएका वाचाहरुलाई पुरा गर्न र जनता मुखि कामहरु ग्र्न तथा जनता गुनासो लाईं कार्यन्वयन गर्न आग्रह गरेका थिए । जनताको गुनासोलाई आत्मसाथ गर्दै

Sahyogi-Nepal
Estd.2066
Birgunj, Parsa

गाउँपालिका अध्यक्ष श्री रामक्षेत्री प्रसाद कुर्मिले दिन रात जुन सुकै समयमा पनि आफूहरु जनताको सेवामा समर्पित रहेको बताएका छन ।

परवानीपुर गाउँपालिकाको वडा -२ रामपुर टोकनीमा आयोजीत सार्वजनीक सुनवाई कार्यक्रममा नागरिकको सवालको जवाफ दिदै अध्यक्ष पटेलले आफूहरु जनताको मालिक नभई सेवक भएको बताए । उनले भने हामी मालिक होइनौ तपाईका सेवक हौ त्यही अधिकार जमाएर आफनो सवाल सोध्नु भएकोमा धन्यवाद । मैले गरेको काम मलाई ठिकै लाग्छ उनले भने वास्तवमा त्यो काम ठिक छ वा छैन त्यसको तपाईबाट जान्न अवसर मिल्ने भएकोले सार्वजनीक सुनवाई आफनो लागि पनि राम्रो भएको उनले बताए । उनले आफू गाउँपालिकामा आउदा आन्तरिक आयस्रोत नभएको चर्चा गर्दै अहिले तीन करोड बढी आन्तरिक स्रोत परिचालन भएको र त्यसलाई पाँच करोड सम्म पुर्याउने लक्ष्य रहेको बताए । उनले प्रत्येक वडामा गरिव निवास बनाउने गरि प्रति वडा पाँच घरका दरले बजेट बिनियोजन गरेकेमा केही समस्याका कारण त्यो काम शुरु नभएको प्रष्ट पार्दै त्यसलाई पुरा गर्ने प्रतिवद्धता जनाए । उनले परवानीपुर गाउँपालिकामा खेलाडीहरुको खेल अभ्यासकोलागि रंगशाला निर्माण र जिम संचालनकोलागि पहल गर्ने बताए । उनले गरिब तथा विपन्न परिवारलाई ग्यास चुल्हो र सिलिण्डर समेत उपलब्ध गराउने योजना रहेको बताए ।

कार्यक्रममा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मुन्ना रौनीयारले गाउँपालिका भित्रका सबै सरकारी कार्यालयमा विधुतीय हाजीरीको व्यवस्था गरिएको जानकारी दिदै १५ मिनेट ढिलो हाजीर गरेमा आधा दिनको हाजिर काटिने प्रविधि जडान भएको बताए । त्यसरी हाजीर गर्ने कर्मचारीको तलव काटिएको जानकारी दिदै सेवाग्राहीका निम्ति १० देखी ५ सम्म कार्यालयमा बसेर सेवा दिने परिपाटीमा कुनै सम्झौता नहुने बताए ।



कर्मचारीको अभावमा सेवाको गुणस्तरमा स्वभाविक रुपमा प्रश्न उठने बताउदै रौनीयारले कार्यालयको तर्फबाट सुधारको काम गरिने बताए । गाउँपालिकाले ४३ वटा शिर्षकबाट कर उठाउन पाउने जानकारी दिदै रौनीयारले चालु आर्थिक वर्षमा ३ करोड २० लाख राजस्व असुलीको लक्ष्य राखेकोमा चालु आर्थिक वर्षको यो अवधिमा

Sahyogi-Nepal
Estd 2066
Birgunj, Parsa

३ करोड २३ लाख राजस्व संकलन भएको जानकारी दिए । आर्थिक वर्षको अन्त्य सम्म राजस्व संकलन ४ करोड भन्दा बढी हुने उनले बिश्वास ब्यक्त गरे । यसरी संकलन भएको राजस्व परवानीपुर गाउँपालिकाको बिकासमा खर्च हुने उनले बताए । अधिकृत रौनीयारले यो वर्ष असार महिनामा कुनै पनि पूर्वाधार निर्माणको काम नहुने प्रष्ट पारे । बैशाखको पहिलो हप्तामा कार्यादेश दिने छौ उनले भने असारमा कुनै काम गरिने छैन । परवानीपुर गाउँपालिका वडा नं-२ का वडा अध्यक्ष महम्मद नुरुलहोदा अँसारीको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं-३ का वडा अध्यक्ष ईब्राहिम मियाँ धोबी, वडा नं-४ का वडा अध्यक्ष गम्भीरा पटेल, वडा नं-५ का वडा अध्यक्ष रामेश्वर साह कलवार , गाउँपालिकाका कानुनी सल्लाहकार महम्मद रफिक नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य कोसी ।लामिछाने, प्रेस सेन्टरका केन्द्रीय सदस्य निरज पिठाकोठे मगर , शम्भु प्रसाद महतोको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा सहयोगी नेपालका कार्यकारी अध्यक्ष तवरेज अहमदले नागरिक अभिमतको बारेमा प्रकाश पारेका थिए । कार्यक्रम संयोजक जितेन्द्र गिरीले संचालन गरेका थिए ।



# नागरिक प्रतिवेदन

# तथा

# सम्बोधन

Sahyogi-Nepal

Birgunj, Parsa

CamScanner

६.१ नगरिक प्रतिकिया :

परवानिपुर गाउँपालिकाको वाड नं २ श्री जनता मा.बि ,रामपु टोकनिमा आयोजित साबृजनिक सुनुवाई कार्यक्रममा सहभागि सर्बसधारणबाट प्राप्त सवाल, जिज्ञासा,सुझाव र सलाहहश्र निमन अनुसरा रहेका हन ।

| नाम | सवाल/जिज्ञासा/सुभाव/सलाह | जवाफ तथा प्रतिकिया |
|---|---|---|
| शंकर राम वडा-४ | नागरिक अभिमतमा जुन प्रतिवेदन आयो त्यसमा वडाको अवस्थाको बारेमा पनि समेटिएको छ की ? वडाको रिर्पोट चाही कस्तो छ ? | सहयोगी नेपाल जितेन्द्र गिरी :- हामीले हरेक वडामा यो सर्वे गरेकोले यो वडाको पिोर्ट नै हो प्रस्तुत गर्दा मात्र कम्पाएल गरेर गरेको हो । रिपोर्ट वडाकै हो । |
| जयपाल प्रसाद यादव वडा -२ | अस्पतालमा कर्मचारी १० देखी पौने पाँच बजे सम्म बस्छन । बिद्यालयमा पनि सुधार भएको छ । साइकल बितरण भएको छ । नाला सडक बनेकै छन तर अव केही चोकहरुमा सिसि क्यामरा जडान आवश्यक छ ।शान्ति सुरक्षालाई मजवुत बनाउन क्यामराको जडान आवश्यक छ त्यो कहिले हुन्छ ? | जवाफ<br>मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत :-<br>परवानीपुर गाउँपालिका<br>पालिका भित्र ६४ वटा क्यामरा जडानको तयारीमा छौं । अहिले सम्म बिभिन्न स्थानमा गरि १४ ठाउमा क्यामरा जडान भएको छ । अर्को वर्षमा यसको थप बिस्तार गरिने छ । |
| फिरोज अन्सारी वडा-२ | काम त राम्रो भएको छ । बिद्यालयमा पानीको ब्यवस्था भएको छ । बिकासका काममा पार्टीगत धारणाले नहेरौ । पालिका भित्र खेलबिकासमा ध्यान दिन आवश्यक छ । खेल | मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत<br>परवानीपुर गाउँपालिका :-<br>खेल र खेलाडीको बिकासकोलागि पालिकाले लगानी गर्छ । खेल समाग्री आएको छ । पाँचवटै वडाकालागि |

Sahyogi-Nepal
Birgunj, Parsa

| | | |
|---|---|---|
| | बिकासकालागि खेल समाग्रीको बितरण र पालिकामा एउटा रंगशाला निर्माण हुनु पर्छ त्यसमा पालिकाको नीति के छ ? | आएको खेल समाग्री पहिला बिद्यालयलाई प्रथामिकतामा राखिएको छ । त्यसलाई छिटै बितरण गरिने छ । रामक्षेत्री पटेल अध्यक्ष परवानीपुर गाउँपालिका :- खेल बिकासकोलागि रंगशाला आवश्यक छ । बुनियादको खेल मैदानलाई रंगशालाको रुपमा बिकास गर्ने नीति लिएका छौ ।त्यसकोलागि संघ तथा प्रदेश सरकारलाई लेखि पठाएका छौ । बिश्वास छ त्यो स्वीकृत भएर आउछ । रंगशाला बनाउने हाम्रो प्रयसा निरन्तर रहिरहने छ । |
| महम्मद फिरोज अन्सारी वडा -२ | डिजीटल जमाना आयो तर इन्टरनेटको सुविधा भएन । निशुल्क इन्टरनेटको सुविधा कहिले देखी लागु हुन्छ ?त्यसै गर हरेक वडामा बैंकको शाखा खोल्न पहल गर्न अनुरोध छ । | मुन्ना रौनीयार प्रमुख प्रशासकीय अधिकृत परवानीपुर गाउँपालिका हरेक वडा सम्म इन्टरनेटको पहुच स्थापित छ । एक दिन एउटा मोवाइलमा यो सेवा १ घण्टा सम्मकालागि उपलब्ध गराउनेकी कसरी गर्ने भन्ने बिषयमा निर्क्योल भएको छैन । जनप्रतिनिधिसंग बसेर यो बिषयमा निष्कर्षमा पुग्ने छौ । बरु अन्य केही सार्वजनीक स्थानमा पत्रिका उपलब्ध गराउने नीति लिएका छौ । |
| उषादेवी महरा वडा -५ | गरिवका लागि प्रत्येक वडामा ५ घर बनाउने निर्णय भएको थियो त्यो कहिले बन्छ ? | रामक्षेत्री पटेल अध्यक्ष परवानीपुर गाउँपालिका |

Sahyogi Nepal
Estd 2056
Birgunj, Parsa

| | | |
|---|---|---|
| | | बजेट बिनियोजन भईसकेको छ तर बजेट भँदा लागत बढि लागिरहको छ त्यसकारण पुर्ण सच्याएर काम अगाडि बढाईने छ । |
| ललिता देवी सोनार वडा-२ | ग्यास चुल्हो र सेलेण्डर कहिले बितरण हुन्छ ? सोलार र धारा पनि चाहियो ? | रामक्षेत्री पटेल<br>अध्यक्ष<br>परवानीपुर गाउँपालिका<br>पुरानो गा.पा. अध्यक्षले बाडनु भएको थियो हामि त्यस्तो वितरण गर्दिनौ । हामि गुनस्तरिय काम गर्छौ |
| अजय कुमार चौहान -२ | गिट्टी बालुवा नहरमा गयो । त्यसले नोक्सानी मात्र गर्‍यो यस्तो किन गरियो | मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत<br>परवानीपुर गाउँपालिका<br>म अहिले फर्किदा नै त्यो हेर्छु । त्यसमा के भएको छ । तपाईले भने जस्तै भएको छ भने त्यो नियन्त्रण हुन्छ । पहिला याहाबाट फर्किदा प्रत्यक्ष हेरेर उचित कदम चाल्छु । |
| अभिमन्यु कुमार महतो -२ बिद्यार्थी | खेलकुदको माध्यमले राष्ट्रको नाम स्थापित छ नै । जनप्रतिनिधिज्यूहरुसंग अनुरोद्द छ की हाम्रोलागि पनि खेल समाग्री बितरण गरियोस । | जवाफ<br>मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत<br>परवानीपुर गाउँपालिका<br>खेल र खेलाडीको बिकासकोलागि पालिकाले लगानी गर्छ । खेल समाग्री आएको छ । पाँचवटै वडाकालागि आएको खेल समाग्री पहिला बिद्यालयलाई प्रथामिकतामा राखिएको छ । त्यसलाई छिटै बितरण गरिने छ । |

Sahyogi-Nepal Estd. 2068 Birgunj, Parsa

CamScanner

| | | |
|---|---|---|
| राजेश कुमार ठाकुर<br>वडा-२ | धारामा पहेलो पानी आउछ । राम्रो धारा दिनुहोस २ सय २० फिट कै धारा किन नदिनु भएको ? | मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत<br>परवानीपुर गाउँपालिका<br>गत वर्षको चैत १७ गते म हाजीर भए । त्यतीबेला धारा जडान भइसकेको थियो । मैले धाराको अनुगमन गरे ८० वटा धारा त मैले नै घर घर गएर हेरे । पहिलाको कार्यादेशमा काम भएको थियो । तपाईले भने जस्तै कतै पानी नआउने कतै पहेलो पानी आउने समस्या तपाईले भने जस्तै थियो । तर तपाईलाई जानकारी दिन्छौ त्यसको हामीले भूक्तानी रोकेका छौ । ३१ लाख रुपैया दिएका छैनौ । त्यती मात्र होइन । ११ लाख रुपैया ठेकेदारलाई जरिवाना गरिएको छ । त्यो जरिवाना नतिरे कालोसूचीमा पर्छ कारवाही हुन्छ । धाराको बिषयमा थप निर्णय लिइने छ । |
| जगत नारायण चौहान<br>वडा-२ | अस्पतालको बाटोको निकास कहिले हुन्छ ? | मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत<br>परवानीपुर गाउँपालिका<br>अवलोकण गरेर अगामि बजेटमा राखिने छ । |
| सुनिता देवी<br>वडा -२<br>रामपुर | छठको बेलामा बत्ती बलेन सडक बत्ती लगाइएन किन ? | मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत<br>परवानीपुर गाउँपालिका |

Sahyogi-Nepal
Estd 2065
Birgunj, Parsa

| | | |
|---|---|---|
| | | सूचनाको अभावमा बत्ती नलागेको हो । वडाको माँग अनुसार दिएका छौ । कहि छुटेको छ भने त्यसमा सुधार हुने छ । |
| राधेश्याम यादव वडा -२ रामपुर | टंयाकीले मच्छर मार्ने दवाई किन नछरेको ? | मुन्ना रौनीयार<br>प्रमुख प्रशासकीय अधिकृत<br>परवानीपुर गाउँपालिका<br>टंयाकीबाट पनि छरिने छ । गाडीबाट छरेका छौ गाडी नपुगेको ठाउमा मच्छर होला तथापी टंयाकी बाट पनि छर्ने व्यवस्था मिलाउछौ । |

# नागरिक प्रतिवेदन

CamScanner

| क्र.सं. | सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन संख्यामा | | |
|---|---|---|---|---|---|
| १. | सेवाको सन्तुष्टि | तपाईंले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३५ | १५ | ० |
| | | सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | ३३ | १७ | ० |
| | सेवाको नियमितता | नागरीक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| | | | १३ | ३७ | ० |
| | | कार्यालय नियमित रुपमा (कर्मचारीको उपस्थिति,समय पालना,कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | २८ | २२ | ० |
| | | तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ? | तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| | | | ५० | ० | ० |
| | | यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधान गर्न औसत कति दिन लगाउने गरेको छ ? | १ दिन | २ दिन | धेरै दिन |
| | | | ४८ | २ | ० |
| | सेवाप्रतिको जनविश्वास | यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ? | विश्वस्त | ठीकै | अविश्वस्त |
| | | | ३३ | १७ | ० |
| | | यस कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी गराई कत्तिको प्रचार गर्नु भएको छ ? | धेरै | ठीकै | गरेको छैन, विश्वास छैन |
| | | | २२ | २३ | ६ |
| | | यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ? | धेरै | ठीकै | विश्वास छैन |
| | | | २९ | १९ | २ |
| | | यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ? | छ | छैन | अलिअलि छ |
| | | | ३० | ५ | १४ |
| | सेवाको गुणस्तर | यस कार्यालयवाट सेवा लिंदा कार्यालयले दिएको जानकारीबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | कम सन्तुष्ट | असन्तुष्ट |
| | | | ४९ | १ | ० |
| | | तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ? | आफै | गाउँका ठूलावडाको | मध्यस्थकर्ताको |
| | | | ५० | ० | ० |
| | | यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो | १ पटक | २ पटक | सो भन्दा बढी |
| | | | ४८ | २ | ० |
| | | कार्यालयमा भएको नागरीक बडापत्र बारे तपाईलाई जानकारी छ ? | छ | आंशिक छ | कुनै जानकारी छैन |
| | | | १४ | ३६ | ० |

Sahyogi-Nepal
Estd.2066
Birgunj, Parsa

CamScanner

| | | | | |
|---|---|---|---|---|
| सेवा सम्बन्धी जानकारी | कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ? | अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| | | २३ | २७ | ० |
| | जिविसमा सञ्चालन गरिने सार्वजनिक कार्यक्रममा सीमान्त वर्गको उपस्थिति कति प्रतिशतसम्म हुने गरेको छ ? | २० प्रतिशत जति | ५० प्रतिशत भन्दा कम | थाहा छैन |
| | | ३१ | १५ | ४ |
| | जिल्ला परिषदमा राष्ट्रिय नीति निर्देशिका अनुसार समावेशी प्रकृतिको प्रतिनिधित्व भएको छ ? | छ | ठीकै छ | प्रतिनिधित्व साह्रै कम छ |
| | | ७ | ४१ | २ |
| नागरीक बडापत्र / उजुरी पेटिका / गुनासो सुन्ने अधिकारी सम्बन्धमा | तपाईको विचारमा सेवाग्राहीले नागरीक बडापत्रको उपयोग कुन हदसम्म गरेका छन् ? | धेरै | कम | गरेका छैनन |
| | | ११ | ३७ | २ |
| | तपाईको विचारमा सेवाप्रदायकहरूले नागरीक बडापत्र अनुरुप कति हदसम्म सेवा प्रदान गरेको जस्तो लाग्छ ? | धेरै | ठीकै | अति कम |
| | | ३ | ४७ | ० |
| | तपाईको विचारमा उजुरी पेटिकाको उपयोग कुन हदसम्म भएको छ ? | धेरै | ठीकै | छैन |
| | | ५ | १३ | ३२ |

भाग २

| सेवाको नाम | सोधिएको प्रश्न | सेवाको मूल्याङ्कन सख्यामा | | |
|---|---|---|---|---|
| सिफारिस सम्बन्धी | सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ? | पाएँ | ठीकै पाएँ | स्पष्ट पाइन |
| | | ४३ | ७ | ० |
| | कुनै सिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो? | दिएँ | थोरै दिएँ | मागिएन र दिइएन पनि |
| | | ० | ० | ५० |
| | त्यहाँवाट दिने सिफारिस लिंदा कसको सहयोग लिनुभयो ? | आफैं | मध्यस्थकर्ता वा कार्यालयकै मान्छे | नेता / ठूलावडा |
| | | ५० | ० | ० |
| | राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ? | सबैसँग कर उठाउँछन | सीमित व्यक्ति सँग मात्र कर उठाउँछन् | धेरै वक्यौता रहने गरेको छ |
| | | ५० | ० | ० |
| | कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ? | राम्रो | ठीक | खराव |
| | | २० | ३० | ० |
| | कार्यालयमा सरसफाई सम्वन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कत्तिको गरिन्छ ? | तुरुन्तै हुन्छ | पटक पटक भनेपछि मात्रै हुन्छ | जति भनेपनि हुन्न |
| | | २० | ३० | ० |

| वर्ग | प्रश्न | | | |
|---|---|---|---|---|
| पुर्वाधार तथा सरसफाई सम्बन्धी | तपाईको विचारमा गाउँपालिका /नगरपालिकाले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रम के कस्तो किसिमले गर्छ ? | नियमित र राम्रो संग | ठीकै गर्छ | नियमित रुपमा गर्दैन |
| | | ८ | ४१ | १ |
| | तपाईको गाविस/नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ? | राम्रो | ठीक | खराब |
| | | १६ | ३३ | १ |
| | तपाईको गाउँ/नगरमा गा.पा/न.पाले सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ? | प्रभावकारी छन | ठीकै छन | प्रभावकारी छैनन |
| | | २६ | २४ | ० |
| | योजनाको बिल भुक्तानी दिने व्यवस्था कस्तो छ ? | सहज | ठीक | अप्ठ्यारो |
| | | ५ | ४३ | २ |
| | योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ? | पर्दैन | मागेरै लिन्छन | रकम नदिए अप्ठ्यारो पार्छन् |
| | | ४९ | ० | १ |
| | योजना सञ्चालन गर्दा गा.पा/नगरपालिकावाट प्राविधिक सहयोग कत्तिको पाउनु भयो ? | सजिलै पाइया | कहिले काँही पाइया | माग गर्दा पनि पाइएन |
| | | १६ | ३४ | ० |
| | विकास निर्माणका बारेमा जानकारी माग्दा पाउनु हुन्छ ? | सजिलै पाइन्छ | सोधेपछि पाइन्छ | सोधेपनि पाइदैन |
| | | १५ | ३५ | ० |
| | स्थानीय निकायको आचारसंहिता पालना भएको छ ? | पालना भएको छ | ठीकै पालना भएको छ | कत्ति पनि पालना भएको छैन |
| | | १० | ४० | ० |
| | योजना सञ्चालन गर्दा गा.पा.वाट/न पा वाट कत्तिको सहयोग पाउनु भएको छ ? | धेरै सहयोग पाएको छु | ठीकै सहयोग पाएको छु | निरुत्साहित गरिन्छ |
| | | १० | ४० | ० |
| विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ | आर्थिक श्रोत कस्तो छ ? | आवश्यक श्रोत उपलब्ध | कम श्रोत उपलब्ध | अति कम श्रोत उपलब्ध |
| | | ३७ | १४ | ० |
| | काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ? | अति सरल | ठीक | जटिल |
| | | २२ | २७ | १ |
| | कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ? | आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
| | | ३४ | १६ | ० |
| | गा.पा.को/न.पा.को आम्दानी र खर्च बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो? | टाँसेको देखेको छु | कहिले काँही टाँसेको देखिन्छ | खै कतै देखिएन |

Sahyogi-Nepal

CamScanner

| | | | | |
|---|---|---|---|---|
| यस कार्यालयको तल दिइएका ? | | २४ | २४ | २ |
| | कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ? | छ | ठीकै मूल्यांकन हुने गरेको छ | कहिले पनि भएको थाहा छैन |
| | | १३ | ३७ | ० |
| | वर्तमान् कार्य सञ्चालन संरचना प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ? | सन्तुष्ट | ठीक | कुनै जानकारी छैन |
| | | १३ | ३५ | २ |
| पारदर्शिता सम्बन्धी | गा.पा/नपा मा अहिले सम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भए ? | १ वटा | २ वटा | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | २० | ५ | २५ |
| | गा.पा/नपा मा अहिले सम्म यस वर्ष कतिवटा सार्वजनीक परीक्षण कार्यक्रम सम्पन्न भए ? | धेरै | कम | भएकै छैन |
| | | २ | २१ | २७ |
| | गा.पा/नपा मा अहिले सम्म यस वर्ष कतिवटा सामाजिक परीक्षण कार्यक्रम सम्पन्न भए ? | भएको छ | अहिलेसम्म सञ्चालन भएकै छैन | कार्यक्रम बारे कुनै जानकारी नै छैन |
| | | १ | १५ | ३४ |
| | सार्वजनीक सुनुवाईकोमा गरिएका सार्वजनीक प्रतिवद्धता कत्तिको कार्यान्वयन भएको छ ? | धेरै | ठीक | कम |
| | | २ | १५ | ३३ |
| | सार्वजनीक सुनुवाईकोको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ? | संयन्त्र बनेको छ | कुनै संयन्त्र बनेको छैन | कुनै जानकारी नै छैन |
| | | ३ | १४ | ३३ |
| | यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका वारेमा जानकारी पाउनु भएको छ ? | धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
| | | १ | २२ | २७ |

Sahyogi-Nepal

| सेवाको नाम | लगाउने | | |
|---|---|---|---|
| सेवा लिदाको सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट | ठीकै | अस्पष्ट |
| | २३ | २६ | १ |
| सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै | ठीकै | थोरै |
| | २२ | २८ | ० |
| तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र / अमर्यादित |
| | ३२ | १८ | ० |
| सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ? | अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
| | २० | ३० | ० |
| तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
| | २४ | २६ | ० |
| सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ? | अति सजिलो (छोटो) | ठीकै | लामो |
| | २२ | २८ | ० |

| | | |
|---|---|---|
| | | |

Sahyogi-Nepal
Estd.2066
Birg... Parsa

# पत्र पत्रिका

# मिडिया तथा पत्रपत्रिका

07:37 52%

← Yatra Daily - परवानीपुर गाउँपालिकामा...

YatraDaily

**Yatra Daily**
8 April at 20:34

परवानीपुर गाउँपालिकामा सार्बजनिक सुनुवाई सम्पन्न




YATRADAILY.COM

**परवानीपुर गाउँपालिकामा सार्बजनिक सुनुवाई सम्पन्न**

वीरगञ्ज। बाराको परवानीपुर गाउँपालिकामा सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न...

**Aayush Yadav and 51 others**

2 shares

स्थानीय सरकार

# परवानीपुर गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न, पालिकाको कामबाट अधिकांश स्थानीय सन्तुष्ट

ट्रिब्यून न्युज Apr 9, 2023 - 07:46
Updated: Apr 9, 2023 - 07:58

0 7



वीरगन्ज, २५ चैत । परवानीपुर गाउँपालिकामा सार्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ । सहयोगी नेपाल संस्थाको आयोजना तथा परवानीपुर गाउँपालिकाको सहयोगमा परवानीपुर गाउँपालिका वडा नम्बर २ को श्री जनता माध्यामिक विद्यालयमा सार्वजनिक सुनुवाई कार्यक्रम शनिबार सम्पन्न भएको हो ।

07:35 52%

हामी जनताको मालिक होइन सेवक हौः अध्य...
esimana.com

# हामी जनताको मालिक होइन सेवक हौः अध्यक्ष पटेल

इसीमाना सम्वाददाता २०७९ चैत २५ गते ०७: २४ मा प्रकाशित

47 पटक पढिएको

3 SHARE




Birgunj, Parsa

CamScanner

# सहभागिता

CamScanner

आज मिति २०६९ चैत्र २२ गतेका दिन
बरवानीपुर गाउँपालिकाको वडा अध्यक्ष
तुरन होदा अंसारीको अध्यक्षता मा जनता माध्यमिक
रामपुर चोक्की मा सु-सम्पन्न गयो।

उपस्थिति :-

१. श्री तुरन होदा अंसारी - अध्यक्ष [signature]
२. श्री रामदेवजी पटेल ज्यु - गा.पा. अध्यक्ष - [signature]
३. श्रीमति सुगान्ती देवी कानु - गा.पा. उपाध्यक्ष
४. श्री मुन्ना साह सोनियार - कार्यकारी अधिकृत [signature]
५. श्री चोकट मण्डल - वडा नं. १ वडा अध्यक्ष
६. श्री इब्राहिम अंसारी - वडा नं. २ वडा अध्यक्ष [signature]
७. श्री गम्भीरा पटेल - " ४ " [signature]
८. श्री रामेश्वर साह कानु " ५ अध्यक्ष [signature]
९. श्री के.सी लामिछाने - प्रशासन अधिकृत [signature]
१०. श्री मोहम्मद रफिक मियाँ - कानुनी सल्लाहकार - [signature]
११. उषा देवी महतो - " [signature]
१२. लालमुनी देवी [signature]
१३. शर्मिला देवी [signature]
१४. सुनिता देवी [signature]
१५. शिवपूजन राउत कुर्मी [signature]
१६. नवीन यादव [signature]
१७. जगदीश साह कानु [signature]
१८. राजदेव प्रसाद पटेल [signature]
१९. अजय कुमार चौहान [signature]
२०. धारा सिंह पटेल वडा सदस्य-५ [signature]
२१. राधेश्याम यादव [signature]
२२. इन्द्र नारायण साह [signature]
२३. अनिता कुमारी साह वडा सचिव वडा नं.-०५ [signature]
२४. फूलकली राम [signature]
२५. राजेश ठाकुर [signature]
२६. शिवपुजन ... [signature]
२७. जालीम हवारी [signature]
२८. ... तारी

| | | |
|---|---|---|
| ३० | प्रिंस जैसवाल | [signature] |
| ३१ | जोगेन्द्र महतो | जोगेन्द्र महतो |
| ३२ | जगतनारायण | [signature] |
| ३३ | मिरेन्द्र जैसवाल | [signature] |
| ३४ | लक्ष्मण कुमार साह | [signature] |
| ३५ | मुकेश साह | [signature] |
| ३६ | राम कुमार सोवल | राम सोवल |
| ३७ | उमेश मण्डल | [signature] |
| ३८ | शिवनारायण साह | [signature] |
| ३९ | संजेश यादव पटर्वापुर गाउँपालिका | [signature] |
| ४० | रामेश्वर साह " " | रामेश्वर |
| ४१ | रवी जैसवाल | [signature] |
| ४२ | राम बहादुर कुशवाहा परवानीपुर गाउँपालिका | राम |
| ४३ | रविन्द्र कुमार मिश्र जिल्ला संयोजक परवानीपुर गा.पा. | रवि |
| ४४ | मुनी प्रकाश सार्थक कृषि संयोजक परवानीपुर गा.पा. | [signature] |
| ४५ | शंकर साह | [signature] |
| ४६ | सलमो दिन आलम | [signature] |
| ४७ | सरजु प्रसाद | [signature] |
| ४८ | मृत्युञ्जय प्रसाद साह वडा सदस्य वार्ड नं. २ | [signature] |
| ४९ | मृत्युञ्जय राम हरजन कोषाध्यक्ष गा.पा. वडा ४ | [signature] |
| ५० | पन्नालाल साह | पन्नालाल |
| ५१ | अभिमन्यु कु: महतो | अभिमन्यु |
| ५२ | जितेन्द्र चौरसिया | जितेन्द्र |
| ५३ | अवधेश कुमार | AJC |
| ५४ | सबिता देवी | सबिता |
| ५५ | लालपति देवी | लालपति |
| ५६ | पारमावती देवी | प्रमावती |
| ५७ | मुन्नी देवी | मुनन |
| ५८ | ललिता देवी | ललिता |
| ५९ | लक्ष्मीना देवी | लक्ष्मी |
| ६० | तबरेज अहमद - सहयोगी नेपाल | [signature] |
| ६१ | निरज पिठाकोटे मगर संचालकी | [signature] |
| ६२ | [illegible] महतो - " | [signature] |

| | | |
|---|---|---|
| ६३ | कालिया देवी | कालीता |
| ६४ | चिन्ता देवी | चिन्ता देवी |
| ६५ | समुन्द्र देवी राय समुन्द्र | समुन्द्र |
| ६६ | श्याम शंकर | [signature] |
| ६७ | इमरान अन्सारी | [signature] |
| ६८ | श्यामबाबु महतो | श्यामबाबु महतो |
| ६९ | प्र.ह. सोनालाल यादव प्रसासन | [signature] |
| ७० | प्र.ह. चन्द्र भुषण मिश्र —॥— | [signature] |
| ७१ | प्र.ह. इस्लाम मियां ॥—॥ | [signature] |
| ७२ | रामबाबु चौहान वडा सदस्य २ | [signature] |
| ७३ | अर्जुन राउत कुर्मी | [signature] |
| ७४ | ब्रजकिशोर महतो | बिजकिशोर |
| ७५ | प्रमोद गिरि | प्रमोद गिरि |
| ७६ | संजित गिरि | [signature] |
| ७७ | उर्मिला यादव | [signature] |
| ७८ | जितेन्द्र कुमार गिरी सहयोगीनिकाय | [signature] |
| ७९ | हरिकिशोर पण्डित ॥ | [signature] |
| ८० | कमल महतो मुखिया | [signature] |
| ८१ | लालमती देवी | लालमती |
| ८२ | सुदामा देवी | [thumbprint] |
| ८३ | कलावती देवी | |
| ८४ | सविता देवी | सविता |
| ८५ | सोनालाल शर्मा | |
| ८६ | विरेन्द्र शर्मा | [signature] |
| ८७ | सिकेन्द्र महतो | [signature] |
| ८८ | शेख आरिफ | शेख आरिफ |
| ८९ | मोहम्मद नाजीर | म. नाजीर |
| ९० | कलाश पटेल | [thumbprint] |
| ९१ | रामाधार पण्डित | |
| ९२ | सुनिल गिरी | [signature] |
| ९३ | पवन कुमार | पवनकुमार |

| | | | |
|---|---|---|---|
| ९५ | गोविन्द राय | रामपुर-६ | गोविन्द |
| ९६ | अनिल गिरी | | Anil |
| ९७ | महापती देवी | " | |
| ९८ | विनोद साह | " | Binod Sah |
| ९९ | गणेश महतो | " | Ganesh |
| १०० | अजय कुमार | " | Ajay Kumar |
| १०१ | रामनारायण साह | " | रामनारायण |
| १०२ | कासिम महतो | " | कासिम महतो |
| १०३ | जवाहर अंसारी | " | जवाहर अंसारी |
| १०४ | शफिक मिया | " | शफिक मिया |
| १०५ | राजु कुमार | " | Raju |
| १०६ | संतोष [illegible] | " | Santosh |
| १०७ | लक्ष्मण गिरी | " | लक्ष्मण गिरी |
| १०८ | प्रेमानन्द साह | " | |
| १०९ | हीरा महतो | " | |

Sahyogi-N...
Birgunj, Parsa